# सर्वोच्च अदालत
## काठमाडौं

### प्रेस विज्ञप्ती

कान्तिपुर राष्ट्रिय दैनिकको मिति २०७५ साल मंसिर २९ गते शनिवार प्रकाशित अंकमा **प्रमाणबिनै आरोपितलाई सफाई** शीर्षकको समाचारप्रति सर्वोच्च अदालतको गम्भिर ध्यानाकर्षण भएको छ।

पुनरावेदक हेमकर्ण पौडेल समेत र विपक्षी नेपाल सरकार भएको अपरहरण तथा शरीर बन्धक मुद्दामा मिति २०७५ साल मंसिर १७ गतेको पेशी तारेख तोकी सो मुद्दा पेशीमा चढी इजलास समक्ष पेश भएको थियो। उक्त मुद्दामा पक्ष तथा विपक्षबाट नियुक्त कानुन व्यवसायीहरुबाट बहस हुँदा सो दिन सुनुवाई सम्पन्न हुन नसकेपछि हेर्दाहेर्दैको पेशी तारेख तोकी सुनुवाई गर्ने गरी इजलासबाट आदेश भएको थियो। सो आदेश बमोजिम उक्त मुद्दामा हेर्दाहेर्दैको पेशी तारेख तोकिनुपर्नेमा फाँटबाट हेर्दाहेर्दैमा राखी पेशी तारेख तोक्ने भनी भएको आदेशतर्फ ध्यान पुग्न नसकेको कारणबाट भूलबश मिति २०७५ साल मंसिर १७ गते **दिनको ३:२९** बजे अरु मुद्दा सरह नियमित पेशीको रुपमा फाँटबाट माघ ७ गतेका लागि पेशी तारेख कम्प्युटरमा प्रविष्टि भएको रहेछ। तर सो मुद्दा हेर्दाहेर्दैमा रहेको भन्ने जानकारी प्राप्त हुनासाथ तत्काले सोही दिन **दिनको ३:५७** बजे सो प्रविष्टिमा भूल सुधार गरी मंसिर २३ गते हेर्दाहेर्दैको पेशी तारेख तोकी मुद्दा व्यवस्थापन सफ्टवेयरमा प्रविष्टि गरिएको हो। साथै मिसिलको तारेख भरपाईमा समेत पक्षले मंसिर २३ गतेको हेर्दाहेर्दैको पेशी तारेख लिई सहिछाप गरेको तारेख भरपाई र हेर्दाहेर्दैको पेशीको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई समेत गराइएको पत्र समेत मिसिल संलग्न रहेको छ।

उक्त पत्रिकामा सो मुद्दामा समाचारमा आएजस्तो कुनै कार्यविधिगत त्रुटि नभएको र कुनै नियतवश पेशी तारेखलाई अगाडि पछाडि गरेको नभई LIC को पेशीको प्रविष्टिमा भएको गल्ती तुरुन्तै सच्याएर सुधार गरिएको काम कारबाहीलाई अन्यथा हुने गरी भ्रमपूर्ण समाचार प्रकाशित गरिएको छ। समाचारमा आएजस्तो भोलिपल्ट नभएर सोही दिनको आधा घण्टाभित्र नै त्रुटि सच्याईएको बिषयलाई भ्रमपूर्ण तरिकाले प्रकाशित गरिएको छ। समाचारमा स्रोतको हवाला दिएपनि सर्वोच्च अदालतको आधिकारिक स्रोतसँग पुष्टि गर्न चाहेको भए तथ्यपरक र यथार्थ सूचना दिन सक्ने अवस्था हुँदाहुँदै पूर्वाग्रही ढंगबाट समाचार प्रकाशन भएको छ। सर्वोच्च अदालतसमग्र सञ्चार माध्यमलाई आधिकारिक स्रोतसँग पुष्टि गरेर मात्रै समाचार प्रकाशन/प्रशारण गर्नुहुन अनुरोध गर्दछ। साथै यसरी कार्यविधिगत त्रुटि देखाएर प्रमाणबिना आरोपितलाई सफाई दिएको भन्ने प्रकाशित भ्रमपूर्ण समाचारलाई सच्याउन समेत सूचित गरिन्छ।

भद्रकाली पोखरेल<br>
प्रवक्ता (सहरजिष्ट्रार)

२०७५ साल पुष १ गते आईतबार<br>
सर्वोच्च अदालत, काठमाडौं।